# रंगेली नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

**रंगेली, मोरङ ÷*Rangeli,Morang***

**आ.व. २०७५।७६ को भरौट, बालुवा , गिट्टी, उत्खनन् गरि बिक्रि गर्ने कार्यको**
**बोलपत्र आव्हान सम्बन्धि सूचना**
**(प्रथम पटक प्रकाशित मिति : २०७५।०८।१३)**

यस रंगेली नगरपालिकाले नगरपालिका क्षेत्रभित्र बग्ने लोहन्द्रा, चिसाङ्ग र डाँस वक्राहा खोलाहरु वाट भरौट, बालुवा तथा गिट्टी संकलन तथा बिक्री गर्न तपसिल बमोजिम उल्लेखित न्युनतम अंकमा नघट्ने गरी आ.व. ०७५/०७६ का लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले इच्छुक नेपाली नागरिक, संस्था, फर्म तथा कम्पनीहरुबाट निम्न बमोजिमको रीत पु¥याई शिलबन्दी बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ ।

यस नगरपालिकाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन, २०७५ अनुसारको उत्खनन गरिने खोलाहरुको विवरण बालुवा, भरौट, गिट्टी, आदि प्राकृतिक श्रोतको उपयोगमा लिइने करको ठेक्का विवरण

| आय ठेक्का नं. | नदी/खोला हरुको विवरण | न्यूनतम ठेक्का अंक (मु.अ.कर तथा अन्य कर बाहेक) रु. | बोलपत्र फाराम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|
| ०१/०७५/७६ | लोहन्द्रा | ७,७५,०००।- | १००० | |
| ०२/०७५/७६ | चिसाङ्ग | १६,२९,०००।- | २००० | |
| ०३/०७५/७६ | डाँस वक्राहा | २४,११,०००।- | २००० | |

1_ बोलपत्र फारम यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र उपर्युक्त बमोजिमको दस्तुर तिरी यस कार्यालयबाट कार्यालय समयमा खरिद गर्न सकिनेछ ।

2_ बोलपत्र साथ आफूले कबोल गरेको अंकको ५% (पाँच प्रतिशत) ले हुने रकम यस कार्यालयका कृषि विकास बैंक, रंगेली, मोरङ्ग स्थित धरौटी खाता नं. ०६०१६०११५०२५७०४३ मा जम्मा गरेको सक्कल भौचर, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि साथ राखी खाम बाहिर प्रस्ट बुझिने गरी भरौट, बालुवा, गिट्टी,संकलन तथा बिक्री कार्यको सिलबन्दी वोलपत्र उल्लेख गरी वोलपत्रदाताको नाम थर, ठेगानासमेत स्पष्ट उल्लेख गरी पेश गर्नुपर्नेछ । फर्म वा कम्पनीका हकमा व्यवसायी प्रमाणपत्र, स्थायी लेखा नम्बर तथा करचुक्ताको प्रमाणपत्रसमेत समावेश हुनुपर्नेछ । खरिद भएको वोलपत्र स्पष्टसँग भरी सिलबन्दी लाहाछाप लगाई यो सूचना प्रकाशित भएको मितिले ३१ (एकतीस) औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गराइ सक्नुपर्नेछ ।

3_ रीतपूर्वक दर्ता हुनआएका वोलपत्रहरु दाखिला गर्ने अन्तिम दिन दिनको २:०० बजे कार्यालयका प्रतिनिधिहरु एवं वोलपत्रदाता वा निजका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । बोलपत्रदाता वा निजका प्रतिनिधि उपस्थित नभए तापनि बोलपत्र खोल्ने काममा बाधा पर्नेछैन ।

4_ रीत नपुगी, म्याद नाघी तथा कुनै सर्त राखी आएका वोलपत्र उपर कुनै कारवाही हुनेछैन ।

5_ ठेकेदारले सम्झौताको समयमा सम्पूर्ण ठेक्का रकम एकमुष्ट बुझाएमा प्रचलित कानुन बमोजिम औचित्य हेरी १० (दश) प्रतिशत सम्म छुट दिन सकिनेछ । एकमुष्ट रकम नबुझाई किस्तामा रकम बुझाउनेको हकमा ठेक्का अंकलाई तीन किस्तामा विभाजन गरिनेछ । पहिलो किस्ता रकम ठेक्का अंकको ५०% (पचास प्रतिशत) कायम गरिने र अन्य दई किस्ता २५%/२५% मा विभाजन गरिनेछ । पहिलो किस्ता रकम सम्झौता गर्नु अगावै बुझाउनु पर्नेछ । दोस्रो किस्ता माघको पहिलो हप्ता र अन्तिम किस्ता चैतको दोस्रो हप्ताभित्रमा यस कार्यालयमा बुझाउनुपर्नेछ । पहिलो किस्ता बाहेक बाँकी किस्ताका लागि सो बराबरको ठेक्का अवधिभरको म्याद भएको यस कार्यालयको नाममा जारी भएको बैंक ग्यारेन्टी (परफर्मेन्स वन्ड) पेश गर्नुपर्नेछ ।

6_ निर्माण सामाग्रीहरु निकाल्दा स्वीकृत प्रारम्भिक वातावरणीय प्रतिवेदन (IEE Report) अनुसार निकाल्नुपर्नेछ । तोकिए बमोजिम संरक्षण क्षेत्र, राजमार्ग, बाटो आदिबाट ५००/५०० मि. दायाँ-बायाँ बाहिरबाट र खोलाको किनारको दुबैपट्टि १५/१५ मि. किनारा छाडी निकाल्नुपर्नेछ । नेपाल सरकारको नीति-निर्देशनअनुसार खोलाको सतहलाई IEE Report ले तोकेभन्दा गहिरो नहुने गरी मात्र निर्माण सामग्री निकाल्नुपर्नेछ । विदेशी मित्रराष्ट्रबाट सोझै सञ्चालन हुने आयोजनाका निमित्त प्रयोग हुने ढुँगा, गिट्टी, बालुवा जस्ता सामग्रीको हकमा नेपाल सरकारसँग गरेको सम्झौतामा स्थानीय कर लिन नपाउने उल्लेख रहेछ भने सोमा कर/शुल्क लिन पाइने छैन ।

7_ कुनै कारण देखाई वा नदेखाई ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार रंगेली नगरपालिकामा रहनेछ । दर्ता हुन आएका बोलपत्रमध्ये स्वीकृत बोलपत्रवालालाई सम्झौता गर्न आउनु भनी सूचना दिइनेछ । सम्झौता गरी प्रचलित ऐन-नियम बमोजिम पट्टापुर्जी लिई ठेक्का सञ्चालन गर्नुपर्नेछ ।

8_ बोलपत्रदाताले बोलपत्रमा मूल्य अभिवृद्धि कर बाहेकको ठेक्का अंक उल्लेख गर्नुपर्नेछ । प्रचलित कानुन बमोजिम लाग्ने कर दस्तुर लगायत बुझाउनुपर्ने रकम ठेकेदार आफैंले बुझाउनुपर्नेछ । कवोल अंकमा मु.अ. कर थप गरी बुझाउनु पर्नेछ ।

9_ बोलपत्र खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्यहरु विदाको लगत्तै पछि कर्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

10_ कर/शुल्क उठाउन आवश्यक कर्मचारी तथा रसिदको व्यवस्था ठेकेदार स्वयंले गर्नुपर्नेछ । नगदी रसिद ठेकेदारले आफ्नै तर्फबाट छपाई यस कार्यालयमा पेश गरी प्रमाणित गराएर मात्र प्रयोगमा ल्याउनुपर्नेछ ।

11_ बोलपत्र साथ रहेको धरौटी रकम ठेक्का अवधि समाप्त भएपछि यस कार्यालयको करचुक्ताको प्रमाण पेश गरेपछि मात्र फिर्ता दिइनेछ ।

12_ यस रंगेली नगरपालिकाले तोकेको स्थानमा मात्र संकलन केन्द राखी कर/शुल्क असुल गर्नुपर्नेछ । सवारी आवागमनलाई अवरोध हुने गरी ढाँट राख्न पाइनेछैन ।

13_ यस ठेक्का सम्बन्धी कुनै विवाद सिर्जना भएमा रंगेली नगरपालिकाको निर्णय अन्तिम हुनेछ ।

14_ भरौट, बालुवा, गिट्टी जस्ता सामग्री खोलाबाट संकलन गरी नगरपालिकाले तोकि दिएको स्थानमा घाटगद्दी गर्नुपर्नेछ ।

15_ यस ठेक्काको अवधि सम्झौता भएको मिति देखि २०७६ जेष्ठ मसान्त सम्म कायम हुनेछ ।

16_ अन्य विस्तृत जानकारीका लागि यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ

| सि.नं. | ठेक्का नं. | ठेक्काको विवरण | न्यूनतम वार्षिक ठेक्का अंक (मू.अ. करबाहेक) | बोलपत्र फारम दस्तुर |
| --- | --- | --- | --- | --- |
| | | | | |
| १ | १/०७५/०७६ | रंगेली नगरपालिका भित्रका स्वीकृत IEE प्रतिवेदन बमोजमिका खोलाहरुका नाकाहरुबाट ढुंगा, गिट्टी, बालुवा, बिक्री कर संकलन | रु. | रु. |
| न्यूनतम वार्षिक ठेक्का अंक (मू.अ. कर वाहेक) : | | | | |